बेन क्याम्पबेल । सन् २०१३ । *लिभिङ विट्विन जुनिपर एण्ड पाल्म : नेचर, कल्चर एण्ड पावर इन द हिमालयज* । न्यू दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

डरहम युनिभर्सिटीका लेक्चरर बेन क्याम्पबेलद्वारा लिखित प्रस्तुत पुस्तकमा रसुवाको तामाङ गाउँको संस्कृति, जुनिपर र पाल्म बीचको परिवर्तनशील जीवनयापन तथा तिनीहरूमा राज्यको क्रियाकलापले पारेको असर केलाइएको छ ।

पुस्तकमा परिचय सहित तीन खण्ड छन् । पहिलोमा दुई, दोस्रोमा पाँच, र तेस्रोमा दुई गरी कुल नौ ओटा अध्याय छन् । पहिलो र दोस्रो अध्याय प्रकृति संवर्धनलाई कसरी बुझ्न सकिन्छ भन्ने विषयमा केन्द्रित छ । वातावरण सुरक्षाको मानवशास्त्रीय व्याख्या यसमा परेको छ । यीमध्ये तेस्रो अध्यायमा विगतका वनहरूमा बिरुवा, जनसाधारण र शक्ति बीचको परस्पर सम्बन्धलाई केलाउन खोजिएको छ । चौथो अध्यायमा बाटोको सञ्जाल र ती बाटाले हिमाली क्षेत्रमा आवास र विस्थापन कसरी भइरहेका छन् भन्ने केलाउन खोजिएको छ । पाँचौँ अध्याय सामाजिक जीवनयापनबारे छ । छैटौँ अध्यायमा लेखकले वन्यजन्तु संरक्षण सम्बन्धी आदिवासी जनजातिको सोचाइ खोतल्न खोजेका छन् । त्यसै गरी, “आफू” र “अरूहरू” बीच द्वन्द्वात्मक वातावरण कसरी स्थापित भइरहेका छन् भन्ने सातौँ अध्यायको विषय रहेको छ । दिगोपनमाथि प्रश्न नामक दुई विषयहरू अर्थात् आठौँ र नवौँ अध्याय समावेश छन् । त्यसमा संरक्षणलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरबाट हेर्ने दृष्टिकोण र दिगोपनलाई समाजमा कसरी स्थापना गर्न खोजिएको छ भन्ने रहेका छन् । अन्तमा लेखकले संस्कृति र वातावरणलाई पुनःअवलोकन गर्ने कोशिश गरेका छन् ।

लेखकले किताबमा वातावरण र संस्कृतिको परस्परमा भएका सम्बन्ध बारेको बहसलाई उठाएका छन् । एकजना तामाङ साथीले ब्रिटेनमा पाएको “लभ अफ नेचर” को प्रसंगबाट बहस शुरू गरेका छन् । संस्कृति र वातावरणको आन्तरिक भिन्नता, प्रक्रियागत परिवर्तन लगायत थुपै ज्ञानको धेरै लेखकले बेवास्ता गरेको आरोप उनले लगाएका छन् । जस्तै, सन् १९६० को दशकतिर वातावरण जोगाउनु पर्छ भने पनि संरक्षणबारे स्थानीय समुदायको बुझाइ कस्तो छ भन्नेबारे विस्तृत अध्ययन भएन । आदिवासी जनजाति र उनीहरूको वातावरणसँग केही सम्बन्ध भए-नभएको मानवशास्त्रीय अनुसन्धानमा कमै भएको लेखकले उल्लेख गरेका छन् । तामाङ समुदाय र हिमाली क्षेत्रमा भएका सामाजिक, आर्थिक, राजनीतिक तथा वातावरणीय परिवर्तनलाई इंगित गर्दै लेखकले समुदाय र वातावरण भित्रको सम्बन्धलाई महत्त्व दिएका छन् ।

लाङटाङ राष्ट्रिय निकुञ्ज र त्यहाँका कर्मचारी एवं सुरक्षाकर्मीले वरिपरिका तामाङ समुदायलाई विस्थापित गर्दै आइरहेको पनि देखाउन खोजिएको छ । डेभिड होल्मबर्गका लेखलाई उद्धृत गर्दै तामाङ समुदाय र तिनीहरूको वातावरण सँगको सम्बन्धले राज्यसँग

असमान सम्बन्ध देखाएको भनेका छन् । यही असजिलो र असमान सम्बन्ध वरिपरि लेखकले शक्ति र समुदायगत संस्कृतिको सुरक्षालाई व्याख्या गरेका छन् । लेखकले उल्लिखित रुचि, एजेन्सी तथा ज्ञानको सम्बन्धलाई मानवशास्त्रीय अध्ययन विधिको रूपमा लिएका छन्, जसले क्रमिक विकासको आदर्शलाई पनि सच्याउन मद्दत गरेको छ । यसले लेखकको विचारमा आदिवासी जनजातिको ज्ञान स्थापित गरेको छ ।

पहिलो अध्यायमा समुदाय र प्रकृति सँगको सम्बन्धलाई वातावरणको संस्थापन र आदिवासी जनजाति ज्ञान तथा क्रियाकलापको सम्बन्धलाई अन्य लेखकहरूले खासै नकेलाएको आरोप छ । यसै सम्बन्धमा राजनीतिक पक्ष एकदमै महत्त्वपूर्ण हुने ठहर गर्दै किन संरक्षणको विषयलाई "एलियन" को रूपमा सोचिन्छ भन्ने प्रश्न पनि लेखक गर्छन् । राजनीतिक पक्षलाई केलाउँदै लेखकले दुई ओटा धारको उजागर गरेका छन् । पहिलो धार, स्रोतको प्रयोग र विभिन्न वातावरणको स्वामित्वको शक्तिमा स्थानीयको असर पक्कै रहन्छ भन्नेबारे छ । दोस्रो, राज्यका कैयौँ अंगहरूको कार्यक्रमले र स्थानीय राजनीतिक सञ्जालले पनि वातावरणमा असर पर्दछ भन्नेबारे छ । लेखकले यिनै सम्बन्धलाई उजागर गर्ने कोशिश गरेका छन् । विगतदेखि नै मानिसका क्रियाकलापले वातावरणलाई असर गर्दैआएको उनको बुझाइ छ । समुदायका जीवनयापन, सम्बन्ध तथा विचारहरूको सहायताले हुने परिवर्तनबारे उनले लेखेका छन् । विशेषतः मुलुकी ऐनका कारण विविधतामा असमानताको निर्माण भयो भन्ने पनि लेखकको तर्क छ ।

दोस्रो अध्यायले तामाङ समुदायलाई संरक्षणले पारेको असरबारे छ । सन् १९५० देखिको वातावरणीय विकासक्रमलाई केलाउँदै, हिमाली किसानलाई अबोधका रूपमा चित्रण गर्दै संरक्षणका मुद्दालाई राज्यले एकोहोरो भित्र्याएको लेखकको तर्क छ । तसर्थ, एकखालको विचारले उक्त पक्षलाई वातावरणीय न्यायको आधारमा प्रश्न खोजेको छ । त्यस्ता बहसमा जनसाधारण र वातावरण बीचको सम्बन्ध र एजेन्सीको पूरै भूमिका छुटेको लेखकको तर्क छ । जनसाधारणको प्रोत्साहनको स्रोत र सन्दर्भ पत्ता लगाउन यी पक्षहरू बुझेमा सहज हुने उनको ठहर छ । सगरमाथा, लाङटाङ, चितवन र खप्तड संरक्षित क्षेत्रलाई केलाउँदै ती क्षेत्रले स्थानीय बासिन्दालाई कसरी विस्थापन गरे, र त्यहाँका आदिवासी जनजातिको ज्ञानलाई कसरी लत्याए भन्ने प्रश्नको उत्तर खोज्नु लेखकको ध्येय देखिन्छ । तथापि, आदिवासी जनजातिको वातावरण सम्बन्धी ज्ञान र तिनका व्याख्या, प्रक्रिया, र पारस्परिक सम्बन्धलाई केलाउँदै समुदायमा पनि संरक्षणबारे मौलिक शब्द नभएको तर्क गर्दै उक्त ज्ञानप्रति लेखकले असन्तोष व्यक्त गरेका छन् ।

तेस्रो अध्यायमा लेखकले वनसँग जोडिएका हरेक संघमा "जंगली" कहलिएर बहिष्करणमा परेका जनसाधारणको विचारलाई बुझ्न खोजेका छन् । वातावरणीय चेतनाको विषयलाई बहुआयामिक तरिकाले हेर्न सकिने लेखकको विचार छ । उनले वातावरणको

इतिहास, भूमि-सम्बन्ध, भूमि कर्जा, धार्मिक छलफल र जातीय स्थायित्वको कारणले विभिन्न खालको आर्थिक आधार र आत्मचेतना विकास हुँदैगएको भनेका छन् । प्रकृतिको अन्तरसम्बन्ध, संस्कृति, लैंगिकता मात्र नभएर फराकिलो संयन्त्रलाई बुझ्न सामाजिक तथा राजनीतिक इतिहासको क्रियाकलाप केलाउनु परेको लेखकको भनाइ छ । सन् १९५७ देखि शुरू भएको वनजंगलको राष्ट्रियकरणसँगै आदिवासी जनजातिको ज्ञान लत्याउने प्रक्रिया शुरू भएको थियो । सन् १९७० देखि शुरू भएको सामुदायिक वनले पनि पहिलेको एकल धारणालाई खण्डन गरेको लेखकले उल्लेख गरेका छन् ।

निकै पुराना रूखहरू रेलको बाटोको लागि राणाहरूले ब्रिटिश इस्ट इण्डिया कम्पनीलाई बेचेको उदाहरण लेखकले दिएका छन् । त्यसै गरी उनीहरूले आफ्नो “भर्सेई” शैलीमा बनाएका महलको लागि वनबाट एकदमै राम्रो रूख काटेको उदाहरण पनि छन् । वन फँडानी धेरै जसो राजनीतिक अस्थिरताको बखतमा राज्य तर्फबाट नै भएको उनको तर्क छ । तसर्थ, हिमाली भेगतिरको वातावरण खस्कनु त्यहाँका किसानको दोष नभएको उनको भनाइ छ । वातावरणीय मानवशास्त्र (इन्भारन्मेन्टल एन्थ्रोपोलोजी) बारे तामाङ समुदायको एकल शाब्दिक र भाषिक धारणा नभएकोले पनि अध्ययनको क्रममा लेखकलाई कठिन भएको थियो । तथापि वन्यजन्तु र मानिसको गतिविधि, हिमालमा उनीहरूको क्रियाकलाप तथा वन, खेत र खर्क-चरनमा आएको परिवर्तनबारे बुझ्न सजिलो भएको पनि लेखकले उल्लेख गरेका छन् ।

रसुवाको तेंगु र बोल्डुङ गाउँका बुढा र ठूला लामासँग वनबारे कुरा गर्दा उनीहरूले गरीबी र असमान शक्ति सम्बन्धबारे बताएका छन् । त्यसबारे विश्व बैंकको विकेन्द्रीकरण र जैविक विविधता संरक्षण सम्बन्धी प्रतिवेदनमा भएको तथ्यलाई किताबमा उल्लेख गरिएको छ । राष्ट्रिय निकुञ्जको अध्ययनले पनि “सन् १९७० को दशकदेखि नै संरक्षित क्षेत्र अन्तर्राष्ट्रिय अवधारणाको सिको गर्दै नीतिगत तहले स्थानीय समुदायलाई बेवास्ता गरेको देखाउँछ । सगरमाथा र लाङटाङ राष्ट्रिय निकुञ्ज वरिपरि बस्ने बासिन्दालाई वनभित्र आउन निषेध गरेको र वनभित्रै परेका बासिन्दालाई पनि नियन्त्रित रूपमा दाउराहरू र वन्यजन्तु चराउन दिएको” स्वीकारेको छ ।

चौथो अध्यायमा तामाङ समुदाय, तिब्बती र नेपाली पहिचानको संघारमा भएकोले पनि तामाङ समुदायले आफ्नो भूगोल र क्रियाकलापको सम्बन्धलाई कसरी बुझ्छन् भन्नेतर्फ लेखकको चासो छ । एउटा निश्चित भौगोलिक परिधिको अवधारणालाई राज्यले निकुञ्ज मार्फत दर्ता नभएका खेतीयोग्य जग्गा सरकारीकरण गरेको र त्यसले समुदायको क्रियाकलाप पनि विवादास्पद हुन गएको लेखकको तर्क छ । साथै, कोरियनले बनाएको प्रशोधित पानी (मिनरल वाटर) उद्योग, चिलिमे जलविद्युत आयोजना र वन्यजन्तुउपर समुदायको जीवनयापन आधारित रहेका कारण पनि स्थानीयले आफ्नो भू-भाग र वातावरणमा स्वामित्व

जमाउन खोजेको लेखकको तर्क छ । स्थानीयको जनजीविका, नाता-सम्बन्ध, तीर्थ, इत्यादि खेतीपातीमा आधारित भएकाले उनीहरूको वैचारिक परिधि, भूगोल वा प्राकृतिक दृश्यमा भर परेको लेखकको धारणा छ ।

पाँचौं अध्यायमा लेखकले स्थानीय समुदायले गरेको वन्यजन्तुको स्याहार-सुसार इत्यादिले उनीहरूको सम्बन्धमा असर परेको उल्लेख गरेका छन् । वन्यजन्तुको स्याहार सुसारमा विशेषतः तेंगुका स्थानीयले धेरै समय व्यतित गर्छन् । आफ्नै नातागोता सरहको जिम्मेवारीका साथै स्नेह दर्शाउँछन् । यस्तो रेखदेख तथा तिनीहरू सँगको सम्बन्धले गाउँको जीवनयापन बदलिँदै गएको लेखकले बताएका छन् । समुदायका सदस्यमा बच्चै बेला र गोठमा समय बिताउँदादेखि नै भेडा, बाख्रा, याक अथवा कुकुर सँगको सम्बन्ध विकास हुन्छ । तैपनि राज्यले उक्त सम्बन्धको ख्याल नगरेको लेखकको विचार छ । यद्यपि, राज्यको कानूनका कारण गाईलाई सुरक्षा दिए पनि समुदायमा रहेको अन्य सम्बन्ध भने असुरक्षित बनेको उनी उल्लेख गर्छन् ।

छैटौं अध्याय जंगली जनावर सँगको सम्बन्धबारे छ । जस्तै, बाँदर, भालु, बँदेल र दुम्सीहरूले विशेषतः खेतीपातीमा नकारात्मक असर पुऱ्याउँदै आएको र दैनिक जीवनमा पनि दुःख दिँदैआएको भनी उनले लेखेका छन् । स्थानीयको उक्त दैनिकीले असमानताको राजनीतिलाई टेवा पुऱ्याइरहेको उनको मूल्यांकन छ । सन् १९७० देखि लाङटाङ राष्ट्रिय निकुञ्ज शुरू भएसँगै त्यहाँका कर्मचारी र सुरक्षार्थ तैनाथ सैनिकले स्थानीय समुदायलाई अपराधी र महिलालाई "वेश्या" को रूपमा हेर्दै आएको तीतो यथार्थलाई पनि प्रस्तुत गरेका छन् । राज्यको यस्तो सोचले स्थानीयको ज्ञान तथा सीपको खासै मतलब गरिएन । पहिले, शिकार खेल्दा स्थानीयले धेरैजसो वन्यजन्तुको अंगहरू औषधिको रूपमा प्रयोग गर्थे । तर पछि राज्यका तर्फबाट शिकार खेल्दा उक्त शिकारमा मारिएका वन्यजन्तुलाई उठाउने र पुऱ्याउने काममा मात्र खटिनुपरेकोले शिकारको महत्त्व र वन्यजन्तु सँगको स्थानीयको सम्बन्ध अलग हुन पुग्यो ।

सातौं अध्यायमा लेखकले मानवता एउटा लैंगिकताको आधार, शक्ति र पहिचान जनित संयन्त्रको भाग मात्र हो भन्ने देखाउन खोजेका छन् । अरू सँगको सम्बन्धलाई पनि सामाजिकतासँग जोडेका छन् । यस सन्दर्भमा लेखकले जंगल भित्रको सामना, वन मान्छे[१] (न्याल्मो) सँगको सामना र तामाङ समुदायको पहिचानसँग जोडिएका मुद्दाको विश्लेषण गरेका छन् । जस्तै, समुदायको पहिचानलाई केलाउँदा उनी मानव उत्पत्तिको मिथकलाई जोड्छन् । उक्त मिथकमा मानवसँगै बाँस, कुखुराको प्रसंग आउँछ । अन्य वस्तु, जस्तै चील, कुखुराको सुली, खरानी, माटो, काठ, फलाम, ढुंगा, सुन र चाँदीबाट नै मानवताको

[१] यसलाई लेखकले "क्वाजी-ह्युमन" (पृ. २४९) भनेका छन् । यो भनेको एउटा विल्कुलै कल्पनाशील रचना हो । अरू प्राणी वा जंगलमा रहेको चेतन उपस्थिति, अथवा यति, वन मान्छे हो ।

उत्पत्ति सम्भव भएको उनले जिकिर गरेका छन् । र, समुदायमा स्थापित भैसकेको मानवता, असाधारण वस्तु र जनावर बीचको सम्बन्धको आवश्यकता देखाएका छन् । लेखकका अनुसार वातावरणबाट मात्र पनि तामाङ समुदायको मानवताको व्याख्या अपूरो लाग्छ ।

आठौँ अध्यायमा तामाङ वा अन्य समुदायको सम्बन्ध कसरी नीतिगत तहबाट नै वातावरण संरक्षण र व्यवस्थापनको मुद्दा बन्न पुग्यो भन्ने उल्लेख छ । निकुञ्जभित्र बनेका समूहले खासै काम गर्न नसकेको, अनिमियतता बढ्दै गएको र राज्यले पनि संरक्षित क्षेत्र बनाई स्थानीयलाई सीमित दरमा काम मात्रै अह्राइरहेको लेखकको आरोप छ । यसले गर्दा स्थानीय र निकुञ्जको सम्बन्धमा एकतर्फी दबदबा बढ्दै गएको लेखकले ध्यानाकर्षण गराएका छन् । आफ्नो मागभन्दा पनि निकुञ्जको एकतर्फी मागलाई सुन्न र कार्यान्वयन गर्न स्थानीय बाध्य छन् । स्थानीयका धार्मिक लामालाई निकुञ्जले समातेर आदिवासी जनजातिको ज्ञानलाई अन्धविश्वासको भरमा दबाउन खोजेको पुस्तकमा उल्लेख छ ।

नवौँ अध्यायमा लेखकले दिगोपनको अभ्यासलाई निरन्तरता दिन स्थानीयको गैर मानव (तित्रा, स्याल, बाँदर, भालु, आदि) सँगको सम्बन्ध केलाएका छन् । वातावरण संरक्षणले स्थानीयको प्रयत्नलाई कसरी असर पारेको छ भन्ने बुझ्न जरुरी रहेको उनले तर्क गरेका छन् । संरक्षणका नीति विभिन्न पक्षबाट कार्यान्वयन हुँदा त्यसले स्थानीयको गैर-मानव सँगको सम्बन्धलाई छुट्ट्याएको उनको जिकिर छ ।

लेखकले यस किताबमा रसुवाको तामाङ समुदायको पहिचान, संस्कृति र वातावरण सँगको सम्बन्धलाई राम्ररी विश्लेषण गरेका छन् । विगतदेखिको उत्पीडिन र गरीबीले स्थानीय समुदायलाई जीवनयापन गर्न कठीन छ । राज्य तर्फबाट शुरू गरिएका वातावरण तथा जैविक विविधताको संरक्षण, निकुञ्ज र दिगो विकासको नाममा स्थानीय समुदाय थप मर्कामा परिरहेका छन् भनेर देखाइएको छ । लेखकले समुदायसँग संरक्षणको ज्ञानलाई एकल शाब्दिक अर्थ भेट्टाएका छैनन् । वातावरण सँगको वास्तविक सम्बन्धलाई अन्धविश्वास र जंगली हैन भन्ने कुरा स्थापित गर्न खोजेका छन् । नेपालमा जोडिनु अगावै रसुवाका गाउँको सामाजिक, आर्थिक, धार्मिक र राजनीतिक पक्ष कस्तो थियो भन्ने समुदायको ऐतिहासिक पक्षलाई लेखकले खोतल्न सकेका छैनन् । धेरैजसो स्थानीय र वातावरणको सम्बन्धलाई केलाउँदा संरक्षण जस्तो विषय वा स्थानीय सीप तथा ज्ञानलाई समुदायबाट नै राज्यको हरेक नीतिगत तहमा कसरी पुऱ्याउन सकिन्छ भन्नेमा लेखकले जोड दिएको देखिन्न । साथै, गैरमानवसँग समुदायको सम्बन्ध केलाइरहँदा समुदायभित्र, गाउँ-गाउँबीच तामाङको सम्बन्ध कस्तो थियो भन्ने कुरा पनि खुलेर आएको छैन ।

**तासी टेवा डोल्पो**
त्रिभुवन विश्वविद्यालय